# काठमाडौं महानगरपालिका कार्यालयको

# खुला प्रतियोगिताद्वारा पदपूर्ति सम्बन्धी दरखास्त आह्वानको सूचना

## सूचना नं. ३/०७२-०७३

काठमाडौं महानगरपालिकामा रिक्त रहेका तपसीलका तह, सेवा र समूहका पदहरुको खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२३(३) मा व्यवस्था भए बमोजिम सम्भाव्य उम्मेदवारहरुले काठमाडौं महानगरपालिका पदपूर्ति समितिबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई म्याद भित्र रितपूर्वकको दरखास्त दिन पदपूर्ति समितिको मिति २०७२।१२।२१ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | वि.नं. | पद, तह र सेवा | **खुला** | समावेशी | | | | | जम्मा पद संख्या | **परीक्षा मिति प्रथम पत्र** | **परीक्षा मिति द्वितीय पत्र** | **परीक्षा मिति तृतीय पत्र** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आदिवासी जनजाती | मधेसी | दलित | अपाङ्ग | | | | |
| १ | १४/०७२।७३ | नायब सुब्बा वा सो सरह, सहायक स्तर पांचौ, प्रशासन | ४ | १ | १ | १ | - | - | ७(सात) | **२०७३।५।३ दिनको ४:०० बजे** | **२०७३।५।४ विहान ८:०० बजे** | **२०७३।५।४ दिनको १:०० बजे** |
| २ | १५/०७२।७३ | लेखापाल , सहायक स्तर पांचौ, प्रशासन | २ | १ | - | - | - | - | ३(तीन) | | | |
| ३ | १६/०७२।७३ | खरिदार वा सो सरह, सहायक स्तर चौथो, प्रशासन | १४ | ४ | ३ | २ | १ | १ | २५(पच्चिस) | **२०७३।४।२९ विहान ८:०० बजे** | **२०७३।४।२९ दिनको १:०० बजे** | |
| ४ | १७/०७२।७३ | सहलेखापाल, चौथो, प्रशासन | ३ | १ | १ | - | - | - | ५(पांच) | | | |

द्रष्टव्य:

**परीक्षाको किसिम** :- लिखित परीक्षा कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता ।

**परीक्षा केन्द्र**:- पछि सूचना गरिने छ ।

**परीक्षा दस्तुर**:- दरखास्त फाराम रु.१००(एक सय), सहायक स्तर पांचौ तहको लागि रु. ४००।- (चार सय) र सहायक स्तर चौथो तहको लागि रु.३००(तीन सय) र प्रत्येक थप समावेशी समूहको लागि थप रु.२००।- (दुईसय)

**उम्मेदवारको उमेर हद** :- दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । तर महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति:- २०७३।१।२१** सम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन) तथा दोब्बर दस्तुर तिरी थप ७(सात) दिन भित्र

**परीक्षा दस्तुर बुझाउने स्थान :- पदपूर्ति समितिको सचिवालय, राष्ट्रिय सभागृह, प्रदर्शनी मार्ग ।**

**कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता हुने मिति**:- लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा प्रकाशन गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरण**:- सेवा, समूह सम्बन्धी ।

तलब:- प्रचलित स्केल बमोजिम ।

**आवश्यक न्यूनतम योग्यता**

१)सहायक स्तर पांचौ तह, प्रशासन, नायब सुब्बा वा सो सरहको लागि:- मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण

२) लेखापालको लागि:- मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्यशास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

३) सहायक स्तर चौथो तह, प्रशासन, खरिदार वा सो सरह र सहलेखापाल पदको लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा सो सरह उत्तीर्ण ।

**द्रष्टव्य:**

(क) दरखास्त दिने अन्तिम मिति सम्ममा सेवा, समूह सम्बन्धी ऐन, नियम अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनु पर्नेछ । काठमाडौं महानगरपालिकाको स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(ख) स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २२७ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

(ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(घ) पदपूर्ति समितिको सचिवालयद्वारा तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ङ) लिखित परीक्षामा सहयोगी लेखक माग गर्ने उम्मेदवारले परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७(सात) दिन अगावै पदपूर्ति समितिको सचिवालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन पदपूर्ति समिति वाध्य हुने छैन ।

(च) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता तथा समावेशी तर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(छ) ना.सु. तथा लेखापाल र खरिदार तथा सहलेखापालको परीक्षा संयुक्त रुपमा गरिने छ। प्रत्येक सेवा अन्तर्गत एक समूह/उपसमूहको लागि खुला र समावेशी प्रतियोगिता (किसिम/समूह) का आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिईने छ।

(ज) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्ने र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाणपत्र वा लब्धाङ्क विवरण, ट्रान्सक्रिप्ट प्राप्त गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

(झ) परीक्षामा कालो मसीमात्र प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ञ) पाठ्यक्रम का.म.पा. को Website: www.Kathmandu.gov.np बाट प्राप्त गर्न सकिने छ।

**समावेशी समूहतर्फ दरखास्त दिंदा उम्मेदवारहरुसँग हुनुपर्ने थप कागजातहरु**

समावेशी समूहतर्फका विज्ञापनहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनु पर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउंदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ। उल्लेखित कागजातहरु नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ग) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद् वा महिला तथा बालबालिका कार्यालयबाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र।

(घ) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

**पदपूर्ति समितिको सचिवालय, राष्ट्रिय सभागृह**